apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

सूचना

छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २९७ ● पृष्ठ: ४ ● २५ कार्तिक २०८३ बुधबार (11 November 2026, Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

संकटमा मुख्यमन्त्री यादवको पद, एमालेसँग सहकार्य गर्दा जसपालाई राजनीतिक जोखिम

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २४ गते



नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको मधेश प्रदेश सरकार संकटमा परेको छ। नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको सरकारलाई निरन्तरता दिने प्रयास असफलतातर्फ उन्मुख भएपछि मुख्यमन्त्री यादव राजीनामा दिने मनस्थितिमा पुगेका छन्।

सरकारले विश्वासको मत लिनुपर्ने समयसीमा नजिकिँदै जाँदा पनि अन्य दलसँग आवश्यक समर्थन जुट्न नसकेपछि मुख्यमन्त्री यादवले विश्वासको मत नलिई पदबाट राजीनामा दिने तयारी गरेको कांग्रेसनिकट स्रोतको भनाइ छ। स्रोतका अनुसार उनले यही २८ कार्तिकसम्म राजीनामा दिन सक्ने सम्भावना छ।

मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई गत ३० असोजमा नेकपा एमालेले समर्थन फिर्ता लिएको थियो। सरकार गठनका क्रममा भएका सहमति कार्यान्वयन नभएको आरोप लगाउँदै एमाले सरकारबाट बाहिरिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको थियो। त्यसपछि सरकारलाई निरन्तरता दिन मुख्यमन्त्री यादवले विभिन्न दलसँग संवाद अघि बढाएका थिए।

तर, केही दिनअघि सरकारको अर्को सहयोगी दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले समेत समर्थन फिर्ता लिएपछि सरकारको बहुमत जुटाउने सम्भावना झन् कमजोर बनेको छ। कृषि मन्त्री श्याम पटेलका अनुसार सरकारले विश्वासको मत लिने मिति अझै तय गरेको छैन। 'मुख्यमन्त्रीले वर्तमान सरकारलाई सहयोग गर्न अन्य दलसँग छलफल गरिरहनुभएको छ,' उनले भने, 'कसैसँग सहमति भयो भने विश्वासको मत लिइन्छ, नभए कसरी अगाडि बढ्ने भन्नेबारे त्यसपछि छलफल हुन्छ।'

सरकारका अर्का एक मन्त्रीका अनुसार अन्य दलबाट विश्वासको मत दिने स्पष्ट प्रतिबद्धता नआए मुख्यमन्त्री यादवले विश्वासको मत लिनुभन्दा अगाडि नै राजीनामा दिने आन्तरिक तयारी गरेका छन्। कांग्रेस नेतृत्वमै सरकारलाई निरन्तरता दिने प्रयास भइरहे पनि अहिलेसम्म कुनै दलसँग ठोस सहमति हुन सकेको छैन।


जसपाको निर्णयले नयाँ सरकारको बाटो तय गर्ने

कांग्रेस नेतृत्वको सरकार संकटमा परेसँगै मधेशको नयाँ सत्ता समीकरणबारे राजनीतिक दलबीच कसरत तीव्र भएको छ। नयाँ सरकार गठनका लागि प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपालको भूमिका निर्णायक देखिएको छ।

जसपा नेपाललाई आफ्नो नेतृत्वमा सरकार गठन गर्ने अवसर प्राप्त हुन सक्ने भएपछि एमालेले समेत जसपालाई सरकारको नेतृत्व दिन इच्छुक देखिएको छ। एमाले र जसपा नेपालबीच नयाँ सरकार गठनका विषयमा अनौपचारिक छलफलसमेत भएको छ।

बाँकी पृष्ठ ३ ▸▸

मधेशमा छठ पर्वको तयारी गरिँदै



अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २४ गते

मधेश प्रदेशका जिल्लामा छठ पर्वको तयारी तीव्र रूपमा अघि बढिरहेको छ। त्यस क्रममा प्रदेश राजधानीस्थित जनकपुरधामका पोखरी तथा तलाउको सरसफाइ र शृंगारिने काम सुरु भएको छ। त्यस्तै बजारमा छठ पूजाका लागि आवश्यक सामग्री किनमेल गर्नेको भीड बढेको छ।

मिथिलाञ्चलको धार्मिक, सांस्कृतिक र सामाजिक पहिचानसँग जोडिएको छठ पर्वलाई व्यवस्थित र भव्य रूपमा मनाउने तयारीस्वरूप विभिन्न पोखरी तथा जलाशयको सरसफाइ तथा शृंगार थालिएको जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष अम्बुप्रसाद साहले जानकारी दिए। उनका अनुसार यहाँस्थित गंगासागर, धनुषसागर, रत्नसागर र दशरथ तलाउलगायतका पोखरी तथा तलाउको सरसफाइ भइरहेको छ। विशेष गरी गंगासागर र धनुषसागरलगायतका जलाशयमा छठ मनाउने परम्परा रहेकाले स्थानीयवासीको सहयोगमा सरसफाइ तथा शृंगारलाई तीव्रता दिइएको छ।

यस वर्ष छठ पर्वको अवलोकनका लागि प्रधानमन्त्री बालेन्द्र शाह समेत जनकपुरधाम जाने तयारी भइरहेकाले गंगासागर छठ घाटलाई थप व्यवस्थित र शृंगार्ने तयारी भइरहेको उनको भनाइ छ।

जनकपुरधामस्थित पेठिया बजार, गाउँघरका हाट तथा मेलामा छठ

बाँकी पृष्ठ २ ▸▸

कमला पुल निर्माण अन्तिम चरणमा



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २४ गते

तराई-मधेशको 'लाइफलाइन' मानिने हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषालाई जोड्ने कमला नदीमाथि निर्माणाधीन बहुप्रतीक्षित पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

वर्षौंदेखि पुल सञ्चालनको प्रतीक्षामा रहेका दुवै जिल्लाका स्थानीयवासी निर्माणकार्यले अन्तिम रूप लिन थालेपछि उत्साहित भएका छन्। पुल माथिको ढलानको काम सम्पन्न भइसको र पुललाई दुवै तर्फबाट जोड्न माटो हाल्ने काम भइरहेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका प्रमुख कृष्णकुमार महतोले बताए।

माटो फिलिङको काम सकिएपछि पुल मङ्सिर पहिलो सातादेखि बाट पुर्ण रूपमा सञ्चालन गरिने प्रमुख महतोले बताए। यस्तै हुलाकी सडक अन्तर्गत धनुषाको जनकपुरधामस्थित कदमचोकदेखि कमला नदीको पुलसम्मको सडक सीमाभित्र निर्माण गरिएका अनधिकृत संरचना खाली गराएको छ।

प्रमुख महतोका अनुसार सडक सीमाभित्र निर्माण गरिएका घर, टहरा, घुम्ती पसललगायत संरचना हटाएर सडक खाली गराईएको छ। पटकपटक सूचना जारी गर्दा पनि सम्बन्धित व्यक्तिले संरचना नहटाएपछि बाध्य भएर डोजर प्रयोग गरेर संरचना हटाइएको प्रमुख महतोको भनाइ छ।

विसं २०६८ मा कमला पुल निर्माणको ठेक्का पप्पु-लुम्बिनी जेभीले पाएको थियो। विसं २०७८ असारमा उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलका पिलर भाँचिएपछि निर्माण सम्पन्न हुन सकेको थिएन। पुल जीर्ण भएपछि स्थानीयवासीले लामो समयसम्म नदी वारपार गर्न डुङ्गाको सहारा लिनुपरेको थियो।

पुल पुनःनिर्माणका क्रममा देखिएका प्राविधिक तथा अन्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि निर्माणले गति लिएको प्रमुख महतोले बताए। पुलका दुवैतर्फ पुग्ने सडकमा माटो भर्ने काम सम्पन्न भएपछि मङ्सिरदेखि सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित निर्माणकार्यलाई तीव्रता

बाँकी पृष्ठ ४ ▸▸

गोलबजार व्यापार संघमा दलगत प्रभाव

महेश साह सुडी र राकेश गुप्ता अध्यक्षका आकांक्षी, उम्मेदवारी घोषणासँगै चुनावी प्रतिस्पर्धा

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २४ गते



आगामी मंसिर ४ गते हुने गोलबजार व्यापार संघको निर्वाचनमा दलगत प्रभाव देखिन थालेको छ। स्वतन्त्र र निष्पक्ष व्यावसायिक संगठनको वकालत हुँदै आएको संघको निर्वाचनमा राजनीतिक दलका नेता तथा प्रतिनिधिसभा सदस्यहरू उम्मेदवारको पक्षमा खुलेर देखिएपछि चुनावले दलगत रूप लिन थालेको हो।

नेपाली कम्युनिस्ट पार्टीसहित विभिन्न पक्षको समर्थनमा महेश साह सुडी (कोक्वा) नेतृत्वको समूहले उम्मेदवारी घोषणा गरेको छ। यस्तै, मंगलबार राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादव र शिव यादवसहितका नेताहरूले राकेश गुप्तालाई अध्यक्षको उम्मेदवारका रूपमा अघि सारेका छन्।

दुई कार्यकाल व्यापार संघको कार्यसमितिमा बसेर काम गरिसकेका गुप्ताले यसअघि पुनः संघमा नफर्किने बताउँदै आएका थिए। व्यापार संघलाई राजनीतिक दलभन्दा माथि राखेर स्वतन्त्र, निष्पक्ष र व्यवसायीहरूको साझा संस्था बनाउनुपर्ने धारणा राख्दै आएका उनी अन्तिम समयमा अध्यक्ष पदमा उम्मेदवारी दिन तयार भएका हुन्।

राजनीतिक दलका नेताहरूको उपस्थितिमा उम्मेदवारी घोषणा गरिए पनि गुप्ताले आफू स्वतन्त्र उम्मेदवार भएको दाबी गरेका छन्। व्यवसायीहरूको आग्रहपछि मात्रै उम्मेदवारी दिन तयार भएको उनको भनाइ छ।

बाँकी पृष्ठ ३ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

दलविहीन स्थानीय निर्वाचन: मधेशमा परिवर्तन कि पुरानै शक्तिको नयाँ रूप ?



दलविहीन निर्वाचनलाई समाधानका रूपमा प्रस्तुत गर्नुअघि यसले कुन समस्या समाधान गर्छ, कुन समस्या यथावत् रहन्छ र समावेशी प्रतिनिधित्वमा कस्तो प्रभाव पार्छ भन्ने प्रश्नको गम्भीर परीक्षण आवश्यक छ ।

अभिलेष बिनित कर्ण

नेपालमा स्थानीय निर्वाचनलाई दलविहीन बनाउने बहसले एउटा महत्त्वपूर्ण प्रश्न फेरि उठाएको छ–के राजनीतिक दलको चुनाव चिह्न हटाउँदैमा स्थानीय सरकार नागरिकप्रति बढी उत्तरदायी हुन्छ ? वा स्थानीय शासनमा देखिएका समस्या निर्वाचनको स्वरूपभन्दा गहिरा छन् ? जसको सम्बन्ध सामाजिक शक्ति संरचना, आर्थिक असमानता, राजनीतिक संस्कार र सार्वजनिक संस्थाको जवाफदेहितासँग जोडिएको छ ।

मधेश प्रदेशका लागि यो बहस अझ अर्थपूर्ण छ । यहाँ स्थानीय सरकार नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको छ । किसानको सिँचाइ, युवाको रोजगारी, विद्यालयको गुणस्तर, स्वास्थ्य सेवाको पहुँच, महिलाको सुरक्षा र विकास बजेटको वितरणजस्ता विषयमा स्थानीय सरकारका निर्णयले नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्छ ।

त्यसैले दलविहीन निर्वाचनको बहसलाई राजनीतिक दलको चुनाव चिह्न हटाउने प्रस्तावमा मात्र सीमित गर्नु पर्याप्त हुँदैन । मूल प्रश्न के हो भने, स्थानीय सरकार कसका लागि काम गर्छ र नागरिकले त्यसलाई कति प्रभावकारी रूपमा जवाफदेही बनाउन सक्छन् भन्ने हो ।

निर्वाचनको स्वरूप बदलिँदा शासन बदलिन्छ ?

दलविहीन स्थानीय निर्वाचनको पक्षमा एउटा तर्क छ–स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले त्यहाँ दलगत प्रतिस्पर्धा र राजनीतिक हस्तक्षेप कम हुनुपर्छ । उम्मेदवारको मूल्यांकन पार्टीको पहिचानभन्दा उसको क्षमता, इमानदारी र कामका आधारमा हुन सके स्थानीय विकास र सेवा प्रवाहले प्राथमिकता पाउन सक्छन् ।

यो तर्कलाई पूर्ण रूपमा अस्वीकार गर्न मिल्दैन । दलको औपचारिक संरचनाबाहिर रहेका सक्षम व्यक्ति, युवा तथा समुदायमा काम गरिरहेका नेतृत्वकर्ताका लागि स्वतन्त्र रूपमा प्रतिस्पर्धा गर्ने अवसर बढ्न सक्छ । तर, यहाँ एउटा आधारभूत प्रश्न छ–दलको चिह्न हटेपछि उम्मेदवार छनोट, चुनावी खर्च, सामाजिक सम्बन्ध र निर्णय प्रक्रियामा प्रभाव पार्ने पुराना शक्ति संरचना पनि हट्छन् त ?

राजनीतिक दलको प्रभाव कम हुनु र समाजमा शक्ति तथा स्रोतको असमान वितरण परिवर्तन हुनु फरक कुरा हुन् । कुनै व्यक्ति दलको चिह्नबिना निर्वाचनमा उठ्दैमा ऊ स्वतः निष्पक्ष, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन्छ भन्ने ग्यारेन्टी हुँदैन । त्यसैगरी, दलबाट निर्वाचित सबै प्रतिनिधि गैरजवाफदेही हुन्छन् भन्ने निष्कर्ष पनि उचित हुँदैन ।

त्यसैले, दलविहीन निर्वाचनलाई समाधानका रूपमा प्रस्तुत गर्नुअघि यसले कुन समस्या समाधान गर्छ, कुन समस्या यथावत् रहन्छ र समावेशी प्रतिनिधित्वमा कस्तो प्रभाव पार्छ भन्ने प्रश्नको गम्भीर परीक्षण आवश्यक छ । निर्वाचन आयोगले दलविहीन स्थानीय निर्वाचनबारे सुझाव दिएको भन्ने सार्वजनिक बहसलाई पनि लागू भइसकेको व्यवस्थाका रूपमा होइन, कानुनी र राजनीतिक रूपमा परीक्षण गर्नुपर्ने प्रस्तावका रूपमा बुझ्नुपर्छ ।

मधेशको राजनीतिक इतिहास र प्रतिनिधित्वको प्रश्न

मधेशको राजनीतिक इतिहास पहिचान, प्रतिनिधित्व, अधिकार र राज्यको शक्ति संरचनामा समान सहभागिताको मागसँग जोडिएको छ । सङ्घीयताको विकास पनि शासनको शक्ति केन्द्रबाट प्रदेश र स्थानीय तहसम्म बाँडफाँड गर्ने व्यापक राजनीतिक प्रक्रियाको हिस्सा हो ।

सन् २०२२ मा प्रकाशित 'नेपालमा समावेशी संघीयताको चुनौती : मधेश प्रदेशको राजनीतिक शक्ति सम्झौताको विश्लेषण' अध्ययनले मधेशमा पहिचानमा आधारित प्रतिनिधित्व र सशक्त प्रदेशको मागको ऐतिहासिक महत्त्वलाई विश्लेषण गरेको छ । यसले मधेशको राजनीतिक बहस केवल कसले निर्वाचन जित्छ भन्ने प्रश्नमा सीमित नरहेको देखाउँछ । कसले निर्णय गर्छ, कसको आवाज संस्थासम्म पुग्छ र सार्वजनिक स्रोत तथा अवसरमा विभिन्न समुदायको पहुँच कस्तो छ भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छन् ।

यस सन्दर्भमा दलविहीन निर्वाचनले नयाँ नेतृत्वका लागि ढोका खोल्न सक्छ कि सक्दैन भन्ने प्रश्नसँगै अर्को जोखिम पनि हेर्नुपर्छ । यदि राजनीतिक दलको औपचारिक प्रभाव घट्यो तर आर्थिक स्रोत, सामाजिक प्रतिष्ठा, पारिवारिक सम्बन्ध र व्यक्तिगत सञ्जालको प्रभाव कायम रह्यो भने स्थानीय राजनीतिमा पहिलेदेखि शक्तिशाली रहेका व्यक्तिहरू अझ प्रभावशाली बन्न सक्छन् ।

महिला, दलित, मुस्लिम, थारू, विभिन्न मधेशी समुदाय, आर्थिक रूपमा कमजोर नागरिक र युवाका लागि उम्मेदवारी दिन पाउने औपचारिक अवसर मात्र पर्याप्त हुँदैन । चुनावी खर्च जुटाउन, मतदातासम्म पुग्न र आफ्नो एजेन्डा सार्वजनिक गर्न सक्ने वास्तविक अवसर पनि आवश्यक हुन्छ । त्यसैले, निर्वाचन प्रणाली परिवर्तन गर्दा समावेशी प्रतिनिधित्वलाई सुरक्षित राख्ने स्पष्ट कानुनी व्यवस्था अनिवार्य हुन्छ ।

बजेट र विकास योजना: स्थानीय लोकतन्त्रको वास्तविक परीक्षा

स्थानीय सरकारको सफलता कति बजेट आयो वा कति सडक बन्यो भन्ने आधारमा मात्र मापन गर्न सकिँदैन । बजेट कसरी बनाइयो, कसका आवश्यकता प्राथमिकतामा परे, नागरिकसँग छलफल भयो कि भएन र खर्चबाट वास्तविक लाभ कसले पायो भन्ने प्रश्न अझ महत्त्वपूर्ण हुन्छ ।

सन् २०२५ जुलाईमा द काठमाडौं पोस्टले प्रकाशित गरेको समाचारअनुसार, आर्थिक वर्ष २०८२/८३ का लागि समयसीमाभित्र बजेट प्रस्तुत नगरेका ४९ स्थानीय तहमध्ये २२ मधेश प्रदेशका थिए । यो त्यस समयको तथ्यांक हो, वर्तमान अवस्थाको विवरण होइन । तर, यसले बजेटको पारदर्शिता, समयमै जानकारी सार्वजनिक गर्ने अभ्यास र स्थानीय सरकारको संस्थागत जवाफदेहिताबारे प्रश्न उठाउने आधार दिन्छ ।

बजेट सार्वजनिक गर्नु मात्र पर्याप्त हुँदैन । नागरिकले कुन योजनाका लागि कति रकम छुट्याइएको छ, योजना छनोटको आधार के हो, कामको प्रगति कस्तो छ र वास्तविक खर्च कति भयो भन्ने कुरा बुझ्न सक्नुपर्छ । जानकारी कार्यालयका सीमित कागजातमा मात्र उपलब्ध छ भने सामान्य नागरिकका लागि त्यसको उपयोगिता सीमित हुन्छ ।

स्थानीय विकास योजना छनोटमा नागरिकको सहभागिताबारे उठ्ने प्रश्न पनि यहीं जोडिन्छ । वडास्तरमा योजना छनोट गर्ने प्रक्रिया कागजमा भए पनि नागरिकलाई समयमै जानकारी नदिइए, उनीहरूलाई छलफलमा बोलाइएन वा उनीहरूको सुझावलाई निर्णयमा महत्त्व दिइएन भने सहभागिता औपचारिकतामा सीमित हुन सक्छ । यसले नागरिक र स्थानीय सरकारबीचको दूरी बढाउने जोखिम रहन्छ ।

स्थानीय नागरिकको आवाज: योजना छनोटमा हाम्रो भूमिका कहाँ छ ?

'आजसम्म हाम्रो पालिकामा आफ्ना दलगत कार्यकर्ताबाहेक अन्य नागरिकसँग विकास योजनाबारे छलफल गरिएको उदाहरण देखेको छैन । कहिलेकाहीं छलफल हुने भए पनि हामीलाई जानकारी हुँदैन, सहभागी हुन बोलाइँदैन । नागरिकलाई सोध्ने र उनीहरूको सुझाव लिने चलन नै छैन भने हाम्रो सुझाव योजनामा कसरी समेटिन्छ ?'

यो भनाइलाई एक नागरिकको अनुभवका रूपमा बुझ्नुपर्छ, सम्पूर्ण पालिका वा मधेशका सबै नागरिकको धारणा मानेर होइन । तर, यसले स्थानीय शासनको एउटा महत्त्वपूर्ण पक्ष उजागर गर्छ–नागरिकले निर्वाचनमा मत दिएपछि विकाससम्बन्धी निर्णयमा उनीहरूको भूमिका कस्तो रहन्छ ?

यदि नागरिकलाई योजना छनोटको छलफलबारे जानकारी नै हुँदैन भने उनीहरूले आफ्नो बस्तीको आवश्यकता कसरी प्रस्तुत गर्ने ? यदि सुझाव राख्ने अवसर नै छैन भने योजना वास्तविक आवश्यकतामा आधारित छ कि छैन भनेर कसरी मूल्यांकन गर्ने ? र यदि बजेट तथा खर्चको विवरण सहजै उपलब्ध हुँदैन भने जनप्रतिनिधिको काममाथि निगरानी कसरी गर्ने ?

यस्ता प्रश्नले दलगत निर्वाचनको सीमालाई मात्र होइन, स्थानीय लोकतन्त्रको व्यावहारिक अवस्थालाई पनि जाँच्न मद्दत गर्छ । नागरिकको सहभागिता भनेको बैठकमा उपस्थितिको सूचीमा नाम लेखाउनु मात्र होइन । उनीहरूको कुरा सुनिनु, निर्णयमा विचार गरिनु र सुझाव समेटिएन भने त्यसको कारण स्पष्ट पारिनु पनि सहभागिताकै हिस्सा हो ।

नागरिकले प्रश्न गर्दा जवाफ कस्तो पाउँछन् ?

स्थानीय शासनको अर्को महत्त्वपूर्ण पक्ष जनप्रतिनिधिको जवाफदेहिता हो । नागरिकले कुनै समस्या लिएर प्रतिनिधिसमक्ष पुग्दा जवाफ पाउनु र समस्याको समाधान नभए त्यसको कारण स्पष्ट रूपमा जान्न पाउनु दुवै आवश्यक छ ।

स्थानीय प्रतिनिधिसमक्ष प्रश्न राख्दा कहिलेकाहीं आंशिक रूपमा चित्तबुझ्दो उत्तर पाइने, तर कतिपय अवस्थामा घुमाउरा वा अन्योलपूर्ण जवाफका कारण समस्याको स्पष्ट निर्क्योल ननिस्कने अनुभव पनि सुनिन्छ । समस्या समाधान हुन नसक्नुको कारण के हो, त्यसका लागि

बाँकी पृष्ठ ४ ▸▸

सम्पादकीय...

डेढ दशकको प्रतीक्षापछि पूरा हुँदै

कमला नदीको पुल निर्माण सुरु भएको झन्डै १५ वर्ष बितिसक्दा पनि पूर्णता पाउन सकेन् । जसले गर्दा विकास निर्माणमा देखिएको चरम ढिलासुस्ती र गैरजिम्मेवारीको उदाहरण कमला नदीको झाँसिएको पुल बनेको थियो । वर्षौंदेखि अलपत्र अवस्थामा रहेको यस पुलका कारण पूर्वी सिरहा लगायतका जिल्ला र पश्चिमी धनुषा लगायतका क्षेत्रका नागरिकले सास्ती भोग्नु परेको थियो । त्यो सामान्य विषय होइन् । पुलका दुवैतर्फका स्पानहरू बाढीले क्षतिग्रस्त बनाएपछि पुल कहिले सञ्चालनमा आउला भन्ने अन्योल थप लम्बिएको थियो । पुल निर्माणको विषय भौतिक संरचनाको निर्माणमा सीमित रहेन् । यो स्थानीय नागरिकको दैनिक आवागमन, आर्थिक गतिविधि, सामाजिक सम्बन्ध र विकासप्रतिको अपेक्षासँग जोडिएको विषय बन्यो । वर्षौंसम्म पुल निर्माण पूरा नहुँदा स्थानीयवासीले सास्ती खेप्नुपऱ्यो भने सर्वसाधारणको धैर्यको समेत परीक्षा भयो । पुल निर्माणको मुद्दा चुनावी नाराका रूपमा प्रयोग भइरह्यो । नेताहरूले पुल निर्माणलाई प्राथमिकतामा राख्ने आश्वासन दिए, तर व्यवहारमा भने परिणाम देखिन सकेन् । विडम्बना त के भने, जनताको आधारभूत आवश्यकतासँग जोडिएको पुल निर्माणको विषय राजनीतिक भाषण र नेताहरूको सेल्फी खिच्ने माध्यमसमेत बन्यो ।

तर अहिले परिस्थितिमा फेरिन पुगेको छ । केही सकारात्मक परिवर्तन देखिएको छ । वर्तमान प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले पुल निर्माणलाई पूर्णता दिने उद्देश्यसहित प्राविधिक जनशक्ति र आवश्यक उपकरण उपलब्ध गराउँदै निर्माण कार्यलाई तीव्रता दिन निर्माण व्यवसायीलाई कडाइ गरेको छ । सरकारको सक्रियता र निरन्तरको दबाबपछि निर्माण कार्यले गति लिन थालेको छ । लामो समयदेखि अन्योलमा रहेको पुल निर्माणले अब पूर्णता पाउने आशा जगाएको छ । आगामी मंसिरको पहिलो साताभित्र पुल निर्माण सम्पन्न गरी सवारीसाधन आवागमन सञ्चालनमा ल्याउने लक्ष्यसहित काम धमाधम भइरहेको छ । यो लक्ष्य पूरा हुनु स्थानीयवासीका लागि ठूलो राहतको विषय हुनेछ । वर्षौंदेखि जोखिमपूर्ण र असहज यात्रा गर्न बाध्य नागरिकले सुरक्षित र सहज आवागमनको सुविधा पाउनेछन् । यसले स्थानीय व्यापार, कृषि उत्पादनको बजारीकरण तथा आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्नेछ ।

त्यसो त निर्माण कार्यले गति लिएको भन्दै विगतका कमजोरी बिर्सन मिल्दैन् । डेढ दशकसम्म एउटा पुल निर्माण सम्पन्न हुन नसक्नु राज्यको अनुगमन प्रणाली, ठेक्का व्यवस्थापन र निर्माण व्यवसायीको जवाफदेहितामाथि गम्भीर प्रश्न हो । विकास निर्माणका आयोजना समयमै सम्पन्न नहुँदा त्यसको प्रत्यक्ष मूल्य सर्वसाधारणले चुकाउनुपर्छ । त्यसैले भविष्यमा यस्ता आयोजना अलपत्र पर्न नदिन सरकारले प्रभावकारी अनुगमन, समयसीमाको पालना र जिम्मेवार पक्षमाथि आवश्यक कारबाहीलाई प्राथमिकता दिनुपर्छ । अहिलेको आवश्यकता भनेको निर्धारित समयमै पुल निर्माण सम्पन्न गर्नु हो । मंसिरको पहिलो साताको लक्ष्य घोषणामा सीमित नहोस् । यो व्यवहारमै पूरा होस् । निर्माणको गुणस्तरमा कुनै सम्झौता नगरी प्राविधिक मापदण्डअनुसार काम सम्पन्न गरिनुपर्छ । हतारका नाममा गुणस्तरमा कमजोरी गर्ने छुट कसैलाई हुनुहुँदैन् । कमला नदीको पुल नदी वारपार गर्ने माध्यम होइन । जनताको लामो प्रतीक्षा, संघर्ष र विकासप्रतिको आशाको प्रतीक पनि हो । अब यो पुल राजनीतिक आश्वासन र चुनावी नाराको विषय बन्ने होइन् । व्यवहारमै जनताको जीवन सहज बनाउने पूर्वाधार बन्नुपर्छ । डेढ दशकको प्रतीक्षालाई अन्त्य गर्दै आगामी मंसिरको पहिलो सातादेखि पुलमा सवारीसाधन गुड्न सकून् । यही नै स्थानीय जनताको अपेक्षा हो र सरकार तथा निर्माण व्यवसायीप्रतिको आजको मुख्य जिम्मेवारी पनि हो । यसमा सबैले सकारात्मक सहयोग र निगरानी राख्नैपर्छ । जसले गर्दा अगामी दिनमा पुल भएर यात्रा सजिलो र सुरक्षित हुन सकोस् ।

मधेशमा छठ पर्वको तयारी .....

पूजासामाग्रीसहित बाँसबाट निर्मित सामग्री खरिदको चहलपहल बिस्तारै बढेको छ ।

छठ पर्व नजिकिँदै जाँदा छठ पर्वका लागि आवश्यक सामग्रीको किनमेल सुरु भइसकेको स्थानीय सुमित्रादेवी कर्णले बताए ।

छठ पर्व नजिकिँदै गर्दा पुस्तौंदेखि बाँसको सामग्री उत्पादन गर्दै आएका डोम समुदाय पनि अहिले त्यस्ता सामाग्री निर्माण गर्न भ्याइनभ्याइ अवस्थामा छन् । ती समुदायका धेरै परिवारले पुख्यौंली पेसाका रूपमा बाँसका चोयाबाट विभिन्न पूजा सामग्री राख्ने छिट्टी, नाङ्लो र ढाकी निर्माण गर्दै आएका छन् ।

छठ पर्वका अवसरमा परम्परागत सामग्रीको माग बढ्दा स्थानीय कारीगरको उत्पादनले पनि बजार पाउने गरेको छ ।

आजको राशिफल

मेष : धेरै साथीको साथ पाउने दिन छ । स्वदेशमा गरेको लगानीबाट फाइदा हुनेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

बृष : दिन सामान्य छ । रोग बढ्ने जोखिम छ । आफूभन्दा ठुलाको सल्लाह लिएर अगाडि बढेमा दिन सहज हुनेछ ।

मिथुन : दिन सहज छ । संगठनमा तपाईंको कामको प्रशंसा हुनेछ । हरेक काममा आफन्तको साथ मिल्ने छ ।

कर्कट : परिवारमा मेलमिलाप हुनेछ । राजनीति भन्दा कृषि र पशुपालनको क्षेत्रमा फाइदा हुनेछ । साथीभाइको सहयोग मिल्ने छ ।

सिंह : मानसम्मान प्राप्त हुने दिन छ । दाजुभाइसँग सहकार्य गरेर अगाडि बढ्नु राम्रो हुनेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

कन्या : दिन सहज छ । बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्नेछ । निजी काममा भन्दा परोपकारमा मन जानेछ ।

तुला : प्रशंसा गर्नेहरु बढ्ने छन् । प्राविधिक शिक्षाको क्षेत्रमा जाँगर बढ्नेछ । स्वास्थ्यमा गरेको लगानीबाट फाइदा हुनेछ ।

वृश्चिक : बोलीको प्रभावले अरुको परोपकार गर्न सकिने छ । सामाजिक सेवाको अवसर मिल्ने छ ।

धनु : दिन राम्रो छ । सम्पत्तिको सदुपयोग गर्नुपर्नेछ । साथीभाइको साथ मिल्ने छ । परिवारको साथ र सहयोग मिल्ने छ ।

मकर : सोचेको काम बन्ने दिन छ । व्यवहारमा कुशलता प्रदर्शन गर्नुपर्नेछ । शुभग्रहको बहुमत भएकाले सोचेको काम बन्नेछ ।

कुम्भ : दिन राम्रो छ । आम्दानीका स्रोत धेरै छन् । विशेष गरेर दाजुभाइ र दिदीबहिनीले सहयोग गर्नेछन् ।

मीन : स्वास्थ्यमा समस्या हुन सक्छ । सञ्चित धन खर्च हुनेछ । बिहान उठेर शिवको भजन र पुजन गरेमा दिन सहज बन्नेछ ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

देशभर १०७ जनप्रतिनिधिको पद रिक्त

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक २४ गते

देशभर १०७ जनप्रतिनिधिको पद रिक्त रहेको पाइएको छ । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार, स्थानीय तहमा ८५, प्रदेशसभामा २० र राष्ट्रिय सभामा दुई पद रिक्त छन् ।

कार्यकाल नसकिँदै स्थानीय तह र प्रदेशका जनप्रतिनिधिहरू राजीनामा दिएर २०८२ साल फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका थिए ।

२०८२ साल माघ ६ गते प्रतिनिधिसभा सदस्यको मनोनयन दर्ता थियो ।

धरान उपमहानगरपालिका मेयर हर्क साम्पाङ राजीनामा दिएर प्रतिनिधिसभा सदस्यमा सुनसरी १ बाट उम्मेदवार बने । चुनाव जिते । त्यहाँ उपमेयर अइन्द्रविक्रम बेघाले उपमहानगर चलाइरहेका छन् ।

भरतपुर महानगरपालिकाका मेयर रेणु दाहाल, धुलिखेलका मेयर अशोक ब्यञ्जु, कैलाली टीकापुर नगरपालिकाका मेयर रामलाल डगौरा, स्याङ्जा कालिगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा लगायतका जनप्रतिनिधिहरू पनि राजनीनामा दिएर प्रतिनिधिसभा सदस्यको उम्मेदवार भए । ती पदहरू खाली छन् ।

प्रदेश सभा सदस्यबाट राजीनामा दिएकामध्ये काठमाडौं २ का सुनिल केसी, सिन्धुपाल्चोक २ का युवराज दुलाल, बारा ४ का रहबर अन्सारी, रुपन्देही ४ का कन्हैया बाँनिया र डडेलधुराका ताराप्रसाद जोशी प्रतिनिधिसभा सदस्य निर्वाचित भए । त्यसपछि रिक्त प्रदेशसभाको पदपुर्ति भएको छैन ।

मधेश प्रदेशका पूर्वमुख्यमन्त्रीहरू सरोजकुमार यादव र सतिशकुमार सिंह, बागमती प्रदेश सभा सदस्य अमन मास्के, लुम्बिनीका कृष्णध्वज खड्का, सुदुरपश्चिम प्रदेशका प्रकाशबहादुर शाह प्रदेश सांसद पद छाडेर प्रतिनिधिसभा सदस्यमा उम्मेदवार भएका थिए । ति ठाउँ खाली छन् ।

यसरी स्थानीय तह, प्रदेश र राष्ट्रिय सभामा गरेर कूल १०७ जनप्रतिनिधिको पद रिक्त रहेका हुन् ।

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३ को उपदफा २ अनुसार गाउँपालिका वा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष लगायतका पदाधिकारीको पद रिक्त भयो र उनीहरूको पदावधि एक वर्षभन्दा बढी बाँकी रहेको छ भने उपनिर्वाचन गर्न सकिन्छ ।

तर अब भने २०७९ साल



वैशाख ३० को निर्वाचनबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल सकिन छ महिना बाँकी छ ।

प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ६८ अनुसार प्रदेश सभाको कुनै सदस्यको पद रिक्त हुँदा यदि उसको कार्यकाल छ महिनाभन्दा बढी बाँकी छ भने उपनिर्वाचन गराइन्छ ।

२०७९ साल मंसिर ४ को निर्वाचनबाट निर्वाचित प्रदेश सभा सदस्यको कार्यकाल भने एक वर्ष बढी बाँकी छ । सरकार र निर्वाचन आयोगले चाहेको खण्डमा प्रदेश सभाका रिक्त पदमा भने अझै निर्वाचन हुन सक्दछ ।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन २०७५ को दफा ६१ मा रिक्त पद पूर्ति गर्ने सम्बन्धी विशेष व्यवस्था छ । जसअनुसार कुनै सदस्यको पद पदावधि समाप्त नहुँदै रिक्त भयो र उसको कार्यकाल छ महिनाभन्दा बढी बाँकी रहेको अवस्थामा उपनिर्वाचनद्वारा पदपूर्ति गर्नुपर्छ ।

राष्ट्रिय सभाको एउटा सिट २०८२ माघ १ गते देखि रिक्त छ । नेपाली कांग्रेसका तर्फबाट निर्वाचित सदस्य बलदेव बोहराको निधन भएका कारण यो सिट खाली भएको हो ।

बोहरा वि.सं. २०८० माघ ११ गते भएको निर्वाचनबाट ६ वर्षका लागि राष्ट्रिय सभा सदस्य निर्वाचित भएका थिए । उनको नियमित कार्यकाल २०८६ फागुन २० सम्म रहने तय थियो ।

तर, बोहराको २०८२ पुस ३० गते ७३ वर्षको उमेरमा निधन भयो । त्यसपछि रिक्त हुन गएको पदमा उपनिर्वाचन गर्नेबारे सरकार र निर्वाचन आयोगले कुनै तयारी गरेको छैन ।

निर्वाचन आयोगका एक अधिकारी भन्छन्, 'राजनीतिक रुपमा तयार भए र सरकारले निर्णय गरे हामी जुन कुनै तहको उपचुनाव गराउन तयार छौं ।'

प्रदेशको हकमा उपनिर्वाचनको मिति आयोगले आफैं तोक्न सक्दछ ।

बाँकी पृष्ठ ४ ▸▸

गोलबजार व्यापार संघमा दलगत .....

'पार्टीको दबाबभन्दा पनि गोलबजारका समग्र व्यवसायीहरूको दबाबपछि अन्तिम समयमा उम्मेदवारीका लागि राजी भएको हुँ' गुप्ताले भने, 'यसमा पार्टीको संलग्नता छैन ।'

गुप्ताले गोलबजारको पहिचान फराकिलो बनाउन नयाँ र सक्षम नेतृत्व आवश्यक रहेको भन्दै व्यवसायीहरूले आफूलाई उम्मेदवारी दिन आग्रह गरेको बताए । दुई कार्यकाल कार्यसमितिमा बसेर पनि प्रमुख पदमा नरहेकाले अपेक्षाअनुसार काम गर्न नसकेको उनको भनाइ छ ।

यता, महेश साह सुडीले आफू सर्वसम्मत उम्मेदवार भएको दाबी गरेका छन् । 'हिजोसम्म धेरै साथीहरूले मेरो समर्थन गरिरहनुभएको थियो । आज एकाएक साथीहरू किन फेरिनुभयो, मलाई थाहा भएन । अझै पनि साथीहरूलाई मिलाउने प्रयास भइरहेको छ,' उनले भने ।

मंसिर ४ गते हुने निर्वाचनका लागि बुधबार उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यतालिका रहेको छ । मनोनयन दर्तासँगै अध्यक्षसहितका पदमा चुनावी प्रतिस्पर्धा थप स्पष्ट हुने देखिएको छ ।



संकटमा मुख्यमन्त्री यादवको पद, एमालेसँग सहकार्य .....

जसपा नेपालका संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोजकुमार यादव एमालेसँग सहकार्य गरेर भए पनि सरकारको नेतृत्व लिनुपर्ने पक्षमा सक्रिय देखिएका छन् । उनले एमाले र नेकपाका संसदीय दलका नेताहरूसँग सरकार गठनका विषयमा अनौपचारिक छलफल भएको स्वीकार गरेका छन् ।

आफ्नो पार्टी सरकारको नेतृत्व लिन तयार रहे पनि यस विषयमा पार्टी अध्यक्ष उपेन्द्र यादवसँग भने अहिलेसम्म औपचारिक छलफल नभएको उनले बताए । एमाले संसदीय दलका नेता सरोजकुमार यादवले पनि जसपा नेपालसँग मिलेर सरकार गठन गर्ने विषयमा सकारात्मक छलफल भएको बताएका छन् ।

तर, जसपा नेपालभित्रै एमालेसँग सहकार्य गरेर तत्काल सरकार गठन गर्ने वा नगर्ने भन्ने विषयमा मतभेद देखिएको छ । पूर्वमुख्यमन्त्री सरोजकुमार यादवसहितको एउटा पक्ष एमालेसँग मिलेर सरकारको नेतृत्व लिनुपर्ने पक्षमा छ भने पूर्वमुख्यमन्त्री लालबाबु राउत र जितेन्द्र सोनलसहितका नेताहरू जनमत पार्टीलाई विश्वासमा नलिई तत्काल सरकारमा जान नहुने पक्षमा देखिएका छन् ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि एमालेसँग सहकार्य गरेर तत्काल सरकार गठन गर्ने विषयमा खुलेर अघि बढेका छैनन् । पार्टीभित्रको यही मतभेदले नयाँ सरकार गठनको समीकरण थप पेचिलो बनेको छ ।

अग्रगामी मोर्चाको दबाबमा उपेन्द्र

जसपा नेपालका लागि एमालेसँग सत्ता सहकार्य गर्नु केवल सरकारको नेतृत्व लिने विषय मात्र होइन, मधेशकेन्द्रित दलबीच निर्माण हुन लागेको राजनीतिक सहकार्यको भविष्यसँग पनि जोडिएको छ ।

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये कुनै पनि क्षेत्रमा मधेशकेन्द्रित दलले जित हासिल गर्न सकेनन् । यसले मधेशकेन्द्रित दलहरूको राजनीतिक आधार कमजोर बन्दै गएको संकेत गरेको छ ।

यही पृष्ठभूमिमा आफ्नो गुमेको राजनीतिक शक्ति पुनः स्थापित गर्ने उद्देश्यसहित मधेशकेन्द्रित दलहरूले अग्रगामी मोर्चा निर्माणको पहल गरेका हुन् ।

उक्त मोर्चामा जसपा नेपाल र डा. सीके राउत नेतृत्वको जनमत पार्टीसमेत सहभागी छन् । मोर्चा निर्माणमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष राउतको विशेष पहल रहेको बताइन्छ ।

तर, जनमत पार्टीका अध्यक्ष राउतले केही दिनअघि सार्वजनिक रूपमै आफूहरू एमाले नेतृत्वको सरकारमा सहभागी नहुने घोषणा गरेका थिए । यस्तो अवस्थामा जसपा नेपालले सरकारको नेतृत्व पाउने अवसरका लागि एमालेसँग सहकार्य गरेमा अग्रगामी मोर्चाभित्रै अविश्वास र संकट उत्पन्न हुन सक्ने देखिन्छ ।

विगतका निर्वाचनमा जनमत पार्टीले जसपा नेपाललाई मधेशमा ठूलो राजनीतिक क्षति पुऱ्याएको थियो । त्यसैले एमालेसँगको सत्ता सहकार्यले जनमतलाई फेरि जसपा नेपालविरुद्ध राजनीतिक रूपमा आक्रामक हुने अवसर दिन सक्ने आकलन जसपा नेताहरूको छ । यसले अध्यक्ष उपेन्द्र यादवलाई सत्ता प्राप्ति र मधेशकेन्द्रित दलबीचको राजनीतिक एकतामध्ये एउटा रोज्नुपर्ने नैतिक तथा राजनीतिक दबाबमा पारेको छ ।

जसपा नेपालका प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री मनिष सुमनले भने प्रदेश सरकार गठनका विषयमा अहिले कुनै दलसँग गम्भीर छलफल नभएको दाबी गरेका छन् । प्रदेश सरकारले नयाँ सरकार गठनका लागि आह्वान गरेपछि मात्रै आफ्नो पार्टी सक्रिय हुने उनको भनाइ छ ।

उनले जसपा नेपाल प्रदेशसभाको सबैभन्दा ठूलो दल भएकाले प्रदेशलाई राजनीतिक निकास दिन बाधक नबन्ने बताए । तर, सरकार गठनको अवस्था आए अग्रगामी मोर्चामा रहेको जनमत पार्टीलाई समेत साथमा लिएर अघि बढ्ने उनको भनाइ छ ।

राजीनामा कि विश्वासको मत ?

मुख्यमन्त्री यादवले राजीनामा दिएमा मधेश प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया संविधानको धारा १६८ को उपधारा (२) अनुसार अघि बढ्नेछ । उक्त व्यवस्थाअनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्न सक्नेछन् ।

तर, मुख्यमन्त्री यादवले विश्वासको मत लिएर असफल भएमा संविधानको धारा १६८ को उपधारा (३) अनुसार प्रदेशसभाको सबैभन्दा ठूलो दलको संसदीय दलका नेता मुख्यमन्त्री नियुक्त हुने संवैधानिक व्यवस्था छ ।

यही संवैधानिक प्रक्रियालाई ध्यानमा राखेर मुख्यमन्त्री यादवले विश्वासको मत लिनुभन्दा राजीनामा दिने विकल्प रोज्न खोजेको राजनीतिक वृत्तमा चर्चा छ । राजीनामापछि जसपा नेपाल, एमाले र नेकपाबीच सहकार्यको सम्भावना खुल्न सक्ने भए पनि जनमत पार्टीको असहमतिले त्यसलाई सहज बनाउने देखिँदैन ।

यसरी मधेश प्रदेशको सत्ता राजनीति अहिले दुईवटा प्रश्नको वरिपरि घुमिरहेको छ, मुख्यमन्त्री यादवले कहिले राजीनामा दिन्छन् र जसपा नेपालले सरकार गठनका लागि कुन राजनीतिक बाटो रोज्छ ? कांग्रेस नेतृत्वको सरकारको भविष्यसँगै मधेशकेन्द्रित दलहरूको आगामी राजनीतिक सहकार्यको दिशा पनि यही निर्णयले निर्धारण गर्ने देखिन्छ ।

स्वदेशी वस्तुको प्रयोग गरौं ।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने ।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने ।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने ।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

सिरहा नगरपालिका
९ नं. वडा कार्यालय, ठेङ्गही
मधेश प्रदेश, सिरहा (नेपाल)

देशभर १०७ जनप्रतिनिधिको पद .....

प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७ को उपदफा १ मा भनिएको छ, 'पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि आयोगले तोकेको मितिमा निर्वाचन हुनेछ र आयोगले सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।'

राष्ट्रिय सभाको हकमा पद रिक्त भएको ३५ दिनभित्र उपनिर्वाचन सम्पन्न हुने गरी मिति तोक्नुपर्ने कानुनी व्यवस्था छ।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन २०७५ को दफा ६१ मा भनिएको छ, 'कुनै सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले निजको पद रिक्त भएमा रिक्त भएको ३५ दिनभित्र नेपाल सरकारले तोकेको मितिमा आयोगले त्यस्तो रिक्त सदस्यको पद यो ऐन बमोजिम बाँकी अवधिको लागि उपनिर्वाचनद्वारा पूर्ति गर्नेछ।'

यसरी दिन नै तोकेर बाध्यकारी ऐन बनाउँदा समेत कार्यान्वयन हुन सकेको छैन।

उपनिर्वाचन गर्नु नपर्ने पदमा समेत पदपुर्ति भएको छैन। सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने राष्ट्रिय सभा सदस्यको एउटा पद २०८२ फागुन २० गते देखि रिक्त छ।

राष्ट्रपतिका तर्फबाट त्यसअघि मनोनीत सदस्यको छ वर्षे कार्यकाल समाप्त भएपछि यो पद रिक्त भएको हो। एक वर्ष हुन लाग्दा समेत उक्त स्थानमा अर्को व्यक्ति मनोनीत भएका छैनन्।

दलविहीन स्थानीय निर्वाचन: मधेशमा परिवर्तन कि .....

के प्रयास भयो र अब के गरिन्छ भन्ने विषयमा स्पष्ट जानकारी नपाउँदा नागरिकको विश्वास कमजोर हुन सक्छ।

निर्वाचनअघि गरिएका प्रतिबद्धताको अवस्था पनि यहीसँग जोडिन्छ। सडक, शिक्षा, स्वास्थ्य, रोजगारी वा अन्य विकासका विषयमा गरिएका वाचा निर्वाचनपछि कति पूरा भए/भएनन् र भएनन् भने किन भएनन् ? त्यसका लागि के प्रयास गरियो ? यी प्रश्नको जवाफ सार्वजनिक रूपमा दिने अभ्यास बलियो नभएसम्म नागरिकले प्रतिनिधिको कार्यसम्पादनको वस्तुनिष्ठ मूल्यांकन गर्न कठिन हुन्छ।

यसलाई सबै जनप्रतिनिधिको व्यवहार वा सम्पूर्ण स्थानीय तहको अवस्था भनेर सामान्यीकरण गर्न मिल्दैन। तर, जहाँ यस्तो अनुभव देखिन्छ, त्यहाँ सुधारको आवश्यकता स्पष्ट हुन्छ। लोकतन्त्रको अर्थ पाँच वर्षमा एकपटक मतदान गर्नु मात्र होइन, निर्वाचित प्रतिनिधिले नागरिकका प्रश्न सुन्नु, निर्णयको कारण बताउनु र कामको परिणामप्रति उत्तरदायी हुनु पनि हो।

अध्ययनले देखाएको सहभागिताको प्रश्न

देव राज राईको सन् २०२२ मा प्रकाशित 'नेपालको मधेश प्रदेशका स्थानीय सरकारहरूमा सार्वजनिक बजेट निर्माण तथा कार्यान्वयनमा नागरिक सहभागिता' अध्ययनले मधेशका स्थानीय तहमा सार्वजनिक बजेट निर्माण तथा कार्यान्वयनमा नागरिकको सहभागिताबारे प्रश्न उठाएको छ। अध्ययनको निष्कर्षमा स्थानीय सरकारमा नागरिक सहभागिताका लागि प्रभावकारी संयन्त्रको अभाव रहेको उल्लेख छ।

यस अध्ययनमा १ हजार ५०० जनालाई प्रश्नावली पठाइएको र ७२ जनाबाट जवाफ प्राप्त भएको थियो। तथ्यांक सन् २०२१ मा संकलन गरिएकाले यसलाई मधेशका सबै स्थानीय तहको वर्तमान अवस्थाको पूर्ण चित्र मान्न मिल्दैन। यसको महत्त्व नागरिक सहभागिता संस्थागत रूपमा कसरी सुनिश्चित गर्ने भन्ने प्रश्न उठाउनुमा छ।

स्थानीय नागरिकको अनुभव र यस्तो अध्ययनलाई सँगै हेर्दा एउटा मूल प्रश्न देखिन्छ: निर्वाचनमा प्रतिनिधि चयन गर्ने अधिकार नागरिकसँग भए पनि बजेट निर्माण, योजना छनोट र खर्चको निगरानीमा उनीहरूको भूमिका कति प्रभावकारी छ ? यसको समाधान निर्वाचनको स्वरूपमा मात्र खोज्न सकिँदैन। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, खुला बजेट विवरण, नागरिक अनुगमन र गुनासो सुनुवाइका प्रभावकारी संयन्त्र दलगत र दलविहीन दुवै प्रणालीमा आवश्यक छन्।

अबको बाटो: निर्वाचन प्रणालीसँगै संस्थागत सुधार

मधेशमा स्थानीय लोकतन्त्र बलियो बनाउन कम्तीमा पाँच विषयमा ध्यान दिनुपर्छ।

पहिलो, समावेशी प्रतिनिधित्वको सुरक्षा। दलविहीन निर्वाचनको कुनै प्रस्ताव अघि बढाइएमा महिला, दलित, मुस्लिम, थारू, युवा तथा अन्य सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता कसरी सुनिश्चित हुन्छ भन्ने स्पष्ट हुनुपर्छ। प्रतिस्पर्धाको अवसर सबैका लागि वास्तविक र समान हुनुपर्छ।

दोस्रो, बजेट र योजनाको पारदर्शिता। स्थानीय तहले बजेट, योजना छनोटको आधार, खर्चको विवरण र कामको प्रगति नागरिकले बुझ्ने भाषामा सार्वजनिक गर्नुपर्छ। सूचना उपलब्ध गराउनु सरकारको जिम्मेवारी हो, नागरिकले कार्यालय धाएर मात्र खोज्नुपर्ने विषय होइन।

तेस्रो, निर्णय प्रक्रियामा अर्थपूर्ण नागरिक सहभागिता। बजेट निर्माणअघि बस्ती र वडास्तरमा छलफल गर्नुपर्छ। महिला, युवा, किसान, दलित समुदाय र अन्य प्रभावित समूहको सहभागिताका लागि उपयुक्त समय, स्थान र माध्यमको व्यवस्था गर्नुपर्छ। नागरिकको सुझाव समेटियो कि समेटिएन भन्ने कुरा पनि सार्वजनिक गरिनुपर्छ।

चौथो, निर्वाचित प्रतिनिधिको नियमित जवाफदेहिता। निर्वाचनअघि गरिएका प्रतिबद्धताको अभिलेख राख्ने, वार्षिक प्रगति सार्वजनिक गर्ने र समस्या समाधान हुन नसके त्यसको कारण बताउने अभ्यास विकास गर्नुपर्छ। नागरिकका गुनासो सुन्ने र तिनको प्रगतिबारे जानकारी दिने संयन्त्र प्रभावकारी हुनुपर्छ।

पाँचौं, निर्वाचन प्रणाली परिवर्तन गर्नुअघि गम्भीर अध्ययन र परामर्श। दलविहीन निर्वाचनको संवैधानिक, कानुनी र व्यावहारिक प्रभावबारे अध्ययन गर्नुपर्छ। स्थानीय सरकार, राजनीतिक दल, नागरिक समाज, महिला, युवा तथा सीमान्तकृत समुदायसँग अर्थपूर्ण छलफल गरेर मात्र सम्भावित लाभ र जोखिमको मूल्यांकन गर्नुपर्छ।

यी सुधार वर्तमान दलगत निर्वाचन प्रणालीमा पनि आवश्यक छन्। त्यसैले निर्वाचनको स्वरूप परिवर्तनलाई सुशासन सुधारको विकल्पका रूपमा प्रस्तुत गर्नु उचित हुँदैन।

निष्कर्ष: मधेशलाई चाहिएको नयाँ चुनावी स्वरूप मात्र होइन

दलविहीन स्थानीय निर्वाचनको बहसले स्थानीय लोकतन्त्रलाई कसरी बलियो बनाउने भन्ने महत्त्वपूर्ण प्रश्न उठाएको छ। यसले दलगत प्रतिस्पर्धाबाट बाहिर रहेका व्यक्तिलाई अवसर दिन सक्छ र स्थानीय आवश्यकतामा केन्द्रित नेतृत्वको सम्भावना बढाउन सक्छ। तर, यसले सामाजिक विभेद, आर्थिक असमानता, चुनावी खर्चको प्रभाव वा पुरानो शक्ति संरचना स्वत: परिवर्तन गर्छ भन्ने आधार छैन।

मधेशका नागरिकका लागि दलको चुनाव चिह्न रहने वा नरहने विषय महत्त्वपूर्ण हुन सक्छ। तर, उनीहरूको दैनिक जीवनसँग जोडिएका प्रश्न अझ प्रत्यक्ष छन्: किसानले सिँचाइ पाउँछन् कि पाउँदैनन् ? युवाले सीप र रोजगारीको अवसर पाउँछन् कि पाउँदैनन् ? महिलाले सुरक्षित सार्वजनिक स्थान र सम्मानजनक व्यवहार पाउँछन् कि पाउँदैनन् ? नागरिकले विकास योजनाबारे जानकारी पाउँछन् कि पाउँदैनन् ? र जनप्रतिनिधिसँग प्रश्न गर्दा स्पष्ट जवाफ पाउँछन् कि पाउँदैनन् ?

लोकतन्त्रको गुणस्तर निर्वाचनको दिन मात्र होइन, निर्वाचनपछि नागरिकले सरकारसँग प्रश्न गर्न पाउने अवसरमा पनि मापन हुन्छ।

स्थानीय सरकारको सफलता दलको प्रभाव कति घट्यो भन्ने आधारमा मात्र होइन, सार्वजनिक स्रोत कति न्यायपूर्ण रूपमा प्रयोग भयो, नागरिकको आवाज निर्णयमा कति समेटियो र सीमान्तकृत समुदायको जीवनमा कस्तो परिवर्तन आयो भन्ने आधारमा मूल्यांकन गरिनुपर्छ।

मधेशका लागि वास्तविक परिवर्तन दलको चिह्न हटाउनु मात्र होइन, शक्ति र स्रोतको न्यायपूर्ण वितरण, अर्थपूर्ण प्रतिनिधित्व, पारदर्शी निर्णय र नागरिकप्रति जवाफदेही स्थानीय शासन निर्माण गर्नु हो।

अन्तत: प्रश्न एउटै छ—स्थानीय सरकार कसका लागि काम गर्छ: कुनै दलका लागि, कुनै प्रभावशाली व्यक्तिका लागि, वा स्थानीय नागरिकका लागि ?

दलविहीन निर्वाचनको औचित्य पनि यही प्रश्नको उत्तरमा खोजिनुपर्छ।

कमला पुल .....

दिइएको कार्यालयले जनाएको छ।

कमला नदीमा पुल नहुँदा तथा पुरानो पुलबाट आवतजावतमा समस्या भएपछि सिरहा र धनुषाका बासिन्दाले लामो समयदेखि सास्ती भोग्दै आएका थिए। विशेषगरी वर्षायाममा नदीमा पानीको बहाव बढ्दा स्थानीयवासीलाई आवतजावत गर्न डुङ्गा चढ्नुपर्ने अवस्था थियो।

कतिपय अवस्थामा जोखिम मोलेर नदी पार गर्नुपर्ने बाध्यता रहँदै आएको थियो। पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि सिरहा र धनुषाबीचको यातायात सम्पर्क थप सहज हुने धनुषाको कमला नगरपालिकाका स्थानीय सुमनकुमार यादवले बताए।

यसबाट दैनिक कामकाज, शिक्षा, स्वास्थ्य सेवा, व्यापार तथा अन्य सामाजिक गतिविधिका लागि एक जिल्लाबाट अर्को जिल्लामा आवतजावत गर्ने सर्वसाधारण प्रत्यक्ष लाभान्वित हुनेछन्।

कमला पुल सञ्चालनमा आउनु दुई जिल्लाका बासिन्दाका लागि यातायात सुविधामा सुधार मात्र नभई आर्थिक तथा सामाजिक सम्बन्ध विस्तारको महत्वपूर्ण आधार बन्ने देखिन्छ। विशेषगरी कृषि उपज, स्थानीय उत्पादन तथा व्यापारिक सामग्रीको ढुवानी सहज हुँदा स्थानीय बजार र व्यवसायमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

छठमा वीरगन्ज आउन प्रधानमन्त्री बालेन शाहलाई निम्तो



अपन दैनिक संवाददाता
वीरगन्ज, कार्तिक २४ गते

वीरगन्ज-१० को घडिअर्वा छठ पूजा व्यवस्थापन समितिले प्रधानमन्त्री बालेन शाहलाई छठ पर्वमा वीरगन्जमा आइदिन आग्रह गरेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछाने छठ मनाउन जनकपुर जाने भएपछि प्रधानमन्त्री शाहलाई छठ मनाउन वीरगन्ज आइदिन घडिअर्वा छठ पूजा व्यवस्थापन समितिले आग्रह गर्दै प्रधानमन्त्री शाहलाई औपचारिक रुपमै निम्तो पनि पठाएको छ। मंगलबार वीरगन्जमा समितिका अध्यक्ष राकेश साह कानुसहितको टोलीले पर्सा-२ का सांसद सुशील साह कानुमार्फत निमन्त्रणा-पत्र प्रधानमन्त्रीको कार्यालयमा पनि पठाएको छ।

लोकआस्थाको महापर्व छठ पूजा देशकै आर्थिक राजधानीका रुपमा परिचित वीरगन्जमा यसवर्ष पनि निक्कै आस्था र उल्लाषका साथ मनाउन गइरहेको अध्यक्ष साहले बताए। छठ पूजाका लागि नेपालमै प्रसीद्ध वीरगन्ज- १० स्थित घडिअर्वा पोखरीस्थित छठघाटमा घडिअर्वा स्पोर्टस क्लबको आयोजना तथा छठ पूजा व्यवस्थापन समितिको व्यवस्थापनमा विगत दुई दशकदेखि अति आकर्षक ढंगले सजाएर छठ पूजा मनाउने गरिएको भन्दै साहले यसवर्ष कार्तिक २९ गते परेको छठ पर्वको मुख्य दिन अर्थात सँझिया घाटेका दिन यस घडिअर्वा पोखरी छठघाटमा आएर छठी माईको आशीवार्द ग्रहण गरिदिनु हुन आग्रह गर्दै प्रधानमन्त्री शाहलाई निमन्त्रणा पत्र पठाइएको बताए।

अध्यक्ष साहले लोक आस्थाको महा पर्व छठमा प्रधानमन्त्री शाहको वीरगन्जमा आगमन भइदिएमा समस्त वीरगन्जवासीले नै सौभाग्यशाली महसुस गर्ने बताए।

देउसी-भैलोका नाममा हुने अमर्यादित गतिविधि रोक्न प्रतिबद्ध छौं : गृहमन्त्री

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक २४ गते



गृहमन्त्री सुधन गुरुङले चाडपर्वका नाममा हुने अश्लील तथा विकृत गतिविधि नियन्त्रण गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्।

मंगलबार फेसबुकमार्फत उनले मौलिक परम्परा र सांस्कृतिक मर्यादामा आँच आउने गरी देउसी-भैलो खेल्ने क्रममा हुने अमर्यादित क्रियाकलापलाई कानुनबमोजिम कडाइका साथ नियन्त्रण गरिने बताएका हुन्।

गृहमन्त्री गुरुङले यस्ता गतिविधिप्रति गृह मन्त्रालय गम्भीर रहेको उल्लेख गर्दै त्यस्ता क्रियाकलाप देखिए तत्काल प्रहरीको १०० नम्बरमा खबर गर्न आग्रह गरेका छन्।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बत्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क ०३३-५२१२१४



